नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

( )

फोन :- ४२००३६४, ४२००३६८
४२००३६१
फ्याक्स :- ४२००२३८
सिंहदरबार, काठमाडौं

पत्र संख्या :
चलानी नं :

मिति: २०७४ भाद्र २२

## शुभकामना

नेपालमा वि.सं. २०१३ सालमा निजामती सेवाको आरम्भ भएको भएतापनि यसको स्थापना दिवसलाई निजामती सेवा दिवसको रुपमा मनाउन थालिएको आज तेह्र वर्ष पूरा भई चौध वर्ष लागेको छ । यस महत्वपूर्ण अवसरमा सर्वप्रथम म सम्पूर्ण राष्ट्रसेवक निजामती कर्मचारी मित्रहरूलाई बधाई तथा शुभकामना दिन चाहन्छु । आजको यस सुखद घडीमा म नेपालको निजामती सेवालाई यहाँसम्म ल्याउने कार्यमा योगदान गर्नुहुने सम्पूर्ण पूर्वराष्ट्रसेवक कर्मचारीज्यूहरू तथा हाल निजामती सेवामा कार्यरत सबै निजामती राष्ट्रसेवक कर्मचारीहरूप्रति हार्दिक आभार समेत व्यक्त गर्न चाहन्छु । विकास व्यवस्थापन, सेवा प्रवाह र संक्रमणकालको व्यवस्थापन गर्ने क्रममा नेपालको निजामती सेवाले विभिन्न आरोह र अवरोह पार गर्दै आफूलाई समयानुकूल बनाउँदै देश र जनताको सेवामा अहोरात्र खटिन सफल भएको छ । देशमा विभिन्न समयमा भएका व्यवस्था परिवर्तन र राजनीतिक शून्यताको अवस्थामा समेत यस सेवाले स्थायी सरकारको रुपमा आफ्नो भूमिका निर्वाह गर्ने कार्यमा सफल भएको तथ्य सबैलाई स्मरण गराउन चाहन्छु ।

निजामती सेवाले अहिले एकातिर विगतदेखि गर्दै आइरहेको नागरिकलाई सेवा प्रवाह गर्ने कार्यमा थप प्रभावकारिता ल्याउनुपर्ने आवश्यकता छ भने अर्कोतर्फ संघीयता कार्यान्वयन तथा संक्रमणकालको व्यवस्थापनको लागि प्रशासनिक पुनःसंरचना, कर्मचारी समायोजन तथा व्यवस्थापन र समग्र देश विकासमा समेत त्यतिकै क्रियाशील हुनु पर्ने मैले महसुस गरेको छु । त्यसो हुन सकेमा निजामती सेवा ऐन, २०४९ ले लिएको सक्षम, सबल, सुदृढ र प्रभावकारी निजामती सेवाको परिकल्पनालाई पनि व्यवहारमै उतार्न सकिने हुन्छ । राजनीतिक तथा प्रशासनिक संक्रमणकालको यस घडीमा सम्पूर्ण निजामती कर्मचारीहरूले बडो बुद्धिमत्तापूर्वक आफूलाई प्राप्त जिम्मेवारी वहन गर्नुपर्ने देखिन्छ जुन समयको आवश्यकता एवं नयाँ नेपालको भविष्य बनाउने चुनौती अवसर समेत हो ।

निकट भविष्यमा नै यस सेवामा रहेका कर्मचारीहरूलाई राज्यका तीन वटै तहमा व्यवस्थापन र समायोजन गर्नुपर्ने कार्यलाई उच्च प्राथमिकताका साथ सम्पादन गर्नुपर्ने भएको छ । यस क्रममा कर्मचारीको मनोबल उच्च हुने गरी कर्मचारीका लागि उचित सेवा, सुविधा एवं वृत्ति विकासका आधारहरूलाई सुनिश्चित गर्न मन्त्रालयको तर्फबाट हरसम्भव प्रयास हुनेमा समग्र राष्ट्रसेवक निजामती कर्मचारी मित्रहरूलाई विश्वास दिलाउन चाहन्छु । साथै इतिहासको यो विशेष घडीमा सम्पूर्ण निजामती कर्मचारीहरूले आ-आफ्नो क्षेत्र र तहबाट आवश्यक सहयोग र समन्वय गरी कार्य गर्नुहुने विश्वास गर्दै चौधौं निजामती सेवा दिवस, २०७४ को अवसरमा सबैलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

(मोहनकृष्ण सापकोटा)
सचिव